युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिप (YPG Fellowship), पोखरा रिर्सच सेन्टरको पहलमा सन् २०२० देखि सुरु गरीएको कार्यक्रम हो । सन् २०२०/२१ मा पहिलो पटक गण्डकी प्रदेशमा यो फेलोसिपको आयोजना पोखरा रिसर्च सेन्टरले अमेरिकी दुतावास काठमान्डौको सहयोगमा संचालन गरे पश्चात, २०२१/२२ मा कर्णाली प्रदेशमामा दुतावासकै सहयोगमा ऋति फाउन्डेसन संगको सहकार्यमा संचालन गर्‍यो भने गण्डकीमा नेसनल ईण्डोमेण्ट फर डेमोक्रेसीको सहयोगमा संचालन गर्‍यो । हाल २०२२/२३ मा प्रदेश १ मा पहिलो पटक संचालन गर्न गैरहेको छ जसमा अमेरिकी दुतावासको सहयोग र विकल्प एन अल्टर्नेटिभ को सहकार्य रहेको छ भने गण्डकीमा यस वर्ष पनि नेसनल ईण्डोमेण्ट फर डेमोक्रेसीको सहयोगमा संचालन गर्न गैरहेको छ । सहभागीहरु लाई यस फेलोसिपका बारेमा जानकार बनाउन एकदमै आवश्यक छ । केहीलाई प्रक्रियाका विचमा प्रश्नहरु उठन सक्छन त्यसकारण हामी ति प्रश्नहरुको उत्तर उपलब्ध गराउने कोशिसमा छौ ।

**युथ इन पोलिसी एंड गभर्नेन्स (YPG) फेलोसिप के हो ?**

**फेलोसिपको निर्धारीत समय कति हो ?**

फेलोसिप सन २०२३ को जनवरीबाट सुरु हुन्छ र लगातार ३ महिना सम्मको_निरन्तर प्रशिक्षण हुन्छ । प्रशिक्षण पश्चात फेलोहरुले प्रदेश सभाका माननीय सदस्यहरुको ज्ञान सहयोगी बनेर करीब ६ महिना काम गर्नु पर्नेछ ।

**म क्याम्पस वा विश्वविद्यालयको विद्यार्थी हु । के म फेलोसिप गर्दा इन्टर्न भएर काम गर्न सक्छु ?**

युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिप भनेको इन्टर्नसिप होइन । फेलोहरु पार्ट टाइम प्रोफेस्नल भएर प्रदेश सभाका विधायकहरु संग काम गर्नेहुन त्यसकारण क्याम्पस विश्वविद्यालयमा पढिरहेका विद्याथीले पनि यसमा आवेदन दिन सक्छन ।

**YPG फेलो भएर के म कुनै अरु प्रोफेशनल वा वौद्धिक एसोसिएसन संग काम गर्न सक्छु ?**

YPG फेलोहरु फेलोसिपका द्धौरान फुल टाइर्म काम गर्दैनन । फेलोसिप बाहेक, उनीहरु अन्य बौद्धिक तथा व्यवसायिक काम पनि गर्न सक्छन ।

**मलै औसतमा कति घण्टा काम गर्नुपर्ने हुन्छ ?**

YPG फेलोहरु पुर्ण समय काम गर्नको लागी बाध्य छैनन् । संसद चल्ने समय भनेको सासंद सँग काम गर्ने व्यक्तिका लागी वर्षको सबै भन्दा व्यस्त समय हो ।

सासंदहरु विहानको १० बजे देखि साझको ५ बजे सम्म प्राय जसो संसदमा नै हुने गर्दछन । सासंदहरु आफ्ना अन्य साथीहरु सँग भेट गर्ने र तिनीहरुलाई काम दिने गर्दछन । संसदको बेला फेलोहरुले आफ्ना सासंदलाई कुनै कुराका बारेमा छोटो समयमै छोटकरीमा भन्नुपर्ने हुनसक्दछ ।

तसर्थ, कामको चाप संसद चलेका बेला धेरै हुनेछ र फेलोहरु काम गर्ने समयमा लचिलो हुनुपर्ने हुन्छ । हरेक फेलोहरुको भिन्नाभिन्नै भुमिका हुनेछ, जुन उनीहरु आवद्ध भएको सासंदको काम र आवश्यकतामा भर पर्नेछ ।

**म नेपालको कानुनी तथा राजनैतिक प्रकृया संग त्यती अभ्यस्त छैन । के मलाई प्रशिक्षण दिइन्छ ?**

यस फेलोसिपको सुरुका ३ महिनामा प्रशिक्षणहरु हुने गर्दछन, जहाँ **YPG** फेलोहरुलाई नेपालको संविधान, अर्थतन्त्र, सरकारको संरचना, संसद संचालन हुने विधि, सुचनाका स्रोतहरु र अनुसन्धान गर्ने विषेश सुत्रहरु आदिका वारेमा परिचित गराइन्छ । फेलोहरु यस प्रशिक्षण अवधिभर अनिवार्यरुपमा उपस्थित हुनु पर्नेछ । यस अवधिमा फेलोहरुले नेपालका विभिन्न नितीहरुका बारेमा समेत जान्ने मौका पाउनेछन ।

**मैले फेलासिप पश्चात के कस्ता अवसरहरु प्राप्त गर्नेछु ?**

**YPG** फेलोहरु सासंदहरु सँग, राजनैतिक दलहरु वा अन्य सस्थाहरु संग आवद्ध भएर काम गर्न सक्नेछन । फेलोसिपमा प्राप्त गरेको अनुभव पश्चात उनीहरु बहुपक्षिय संस्थाहरु जस्तै बैंक र वित्तिय संस्थाहरु, सार्वजनिक निती थिंक ट्याङ्क वा कर्पोरेट क्षेत्र, निजामती सेवा र सरकारका मन्त्रालयहरु तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग आवद्ध रहेर पनि काम गर्न सक्नेछन ।

**युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिपको छनौट प्रकृया**

**युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिप को छनौट प्रकृया के कस्तो हुन्छ ?**

युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिपको छनौट निती र प्रकृया अनुरुप छनौट कमिटिले आवेदनहरु छनौट गर्नेछ । निवेदकले दिएको आवेदनलाई कमिटीले विस्तृत रुपमा केलाएर हेर्नेछ र योग्यता मापदण्ड पुरा गर्ने आवेदकहरुलाई प्रथम चरणमा छनौट गरी आयोजकले दोस्रो चरणको अर्न्तवार्ता लिनेछ । सुरुको चरणमा ५० जनालाई छनौट गरिनेछ भने छनौट हुने बित्तिकै उक्त ५० जनालाई पहिलो चरणको तालिम दिइनेछ ।

त्यस पश्चात प्रजातान्त्रिक रुपमा, समावेशी, परिश्रम, र योग्यताको आदर्शलाइ ध्यानमा राखेर २५ जना छनौट गरी दोस्रो तहको तालिम दिइनेछ । अन्त्यमा १२ जना छनौट युथ इन पोलिसी एंड गभर्नेन्स फेलोहरु छानिसकेपछी उनिहरुले प्रदेश सभाका माननीय सदस्यहरुको ज्ञान सहयोगीको रुपमा काम गर्नेछन् ।

**फेलोसिपका लागी आवेदन दिने मिती कुन हो ?**

युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिप २०२२-२३ का लागी आवेदन दिने अन्तीम मिति २२ डिसेम्बर २०२२ हो । यसका बारेमा अन्य जानकारी हाम्रो ट्वीटर, फेसबुकमा, इन्स्टाग्राम र वेवसाइट pokharacentre.org मा पाउन सकिनेछ ।

**युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिपका लागी छनौट हुन पुरा गर्नुपर्ने मापदण्डहरु के के हुन ?**

हामीहरु सबै शैक्षिक विधाबाट आएका आवेदनलाई स्वागत गर्दछौ । आवेदक न्युनतम पनि २० वर्ष पुरा गरी ३० वर्ष ननाघेको नेपाली नागरीक, न्युनतम पनि स्नातक तहमा अध्ययन गरिरहेको र सम्बन्धीत प्रदेशमा कम्तीमा १ वर्ष अघिदेखी बसोवास गरिरहेको हुनुपर्नेछ ।

हामीले विशेष गरेर सार्वजनिक नीति निर्माण तथा सुशासन प्रति रुचि राख्ने, रचनात्मक र प्रतिबद्ध आवेदकहरु खोजिरहेका छौ, त्यसकारण माथि दिइएको न्यूनतम योग्यता मापदण्ड आधारभूत दिशानिर्देश मात्र हो ।

**म नेपाली नागरीक होइन, तर मलाई बसोबास गर्ने अनुमती छ । के म युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिपका लागी योग्य छु ?**

यो फेलोसिप नेपाली नागरीकका लागी मात्रै खल्ला छ । "नेपाली नागरीक" भन्नाले जो संग नेपालको नागरीकता, पासपोर्ट वा सो मध्ये छ भन्ने बुझिनेछ ।

**के युथ इन पोलिसी एंड गभर्नेन्स फेलो हुनका लागी पुर्व अनुभव आवश्यक छ ?**

YPG फेलोसिपका लागी पुर्व अनुभव आवश्यक छैन । यद्दपी, कुनै पनि संस्थागत तथा व्यवसायिक अनुभवले फेलोहरुलाई सांसदहरु सँग स्मार्ट भएर कार्यहरुगर्नका लागी सहयोग गर्नेछ ।

**के स्नातकोत्तर गरीरहेका आवदेकहरु प्राथमिकतामा छन ?**

हामीहरु स्नातकोत्तर अध्ययन गरीरहेका विधार्थिहरु लाई खुल्ला हृदयले स्वागत गर्दछौ, तर उनीहरुलाई अन्य आवेदकहरु भन्दा प्रथामिकता दिने भन्ने हुदैन ।

**म आउने वर्षमा स्नातक सक्काउदैछु । के म यो फेलोसिपका लागी योग्य छु ?**

YPG फेलोसिपका आवेदकहरुले योग्य हुनका लागी कम्तीमा स्नातक अध्ययन गरीरहेको हुनुपर्नेछ । यसको मतलब आवेदकले फेलोसिप सुरु हुनु पहिले स्नातकको अध्ययन सकिसकेको हुनुपर्नेछैन । फेलोसिप सुरु भएपछि पूर्णरुपमा परिक्षा विदाको पनि व्यवस्था गरएिकोछ ।

**युथ इन पोलिसी एंड गभर्नेन्स फेलोहरुका भूमिका र जिम्मेवारीहरु**

**मैले युथ इन पोलिसी एंड गभर्नेन्स फेलो भएर के कस्ता प्रकृतिका कार्यहरु गर्नुपर्ने हुन्छ ?**

सामान्यतः YPG फेलोको मुख्य भूमिका भनेको सांसदहरुसँग नजिक रहेर बौद्धिक सहयोगीका रुपमा काम गर्नु हो भने उनिहरुले फेलोसिप अवधिका द्धौरान गरीएका अध्ययनको निजी रिपोर्ट समेत दिनु पर्नेछ । यस अन्तर्गत फेलोहरुले  सांसदहरुलाई शून्य र विशेष समयमा सोध्ने प्रश्नहरूको तयारी, मन्त्रालयको कार्यसम्पादन मूल्याङ्कन, सार्वजनिक सरोकारका विषयहरूको उठान, विभिन्न विधायिका र नीतिगत छलफलहरूमा भाग लिन आवश्यक अनुसन्धान जस्ता कामहरुमा सहयोग गर्नुपर्ने छ ।

**जुन बेला संसद बन्द रहन्छ त्यति बेला फेलोहरुलाई के काममा आवद्ध गराइन्छ ?**

फेलोहरुले संसद बन्द भएका बेला सांसदहरुलाई बिभिन्न संसदीय समितिहरुका बैठकका लागि आवश्यक सामाग्रीहरु तयार गर्न सहयोग गर्नेछन भने, अर्को संसदको सत्रका लागी तयारी सहयोग गर्नेछन ।

यसका अलावा, आयोजकले विभिन्न विधाका विज्ञहरु र निती निर्माताहरु सँग विभिन्न विषयमा अर्न्तकृयाहरु गर्नेछन् । त्यससर्ग सार्वजनिक नितीका विभिन्न विधाहरु जस्तै, स्वास्थ्य, शिक्षा, कृषी, पर्यटन, उद्याशिलता, मौसम परिवर्तन, टेक्नोलोजी, बजेटहरु र सार्वजनीक लगानीहरुका बारेमा प्रशिक्षण समेत लिनेछन् ।

**प्रदेश सांसद संग काम गर्ने**

**यदि म छनौट भए भने कुन सांसदसँग काम गर्नेछु ?**

यस फेलोसिपमामा आबद्ध हुने सासंद भनेको, ति सांसदहरु मात्रै हुन जो संसदमा सक्रिय रुपले प्रस्तुत हुन्छन् । सांसदहरु छनौट गर्दा प्रदेश सभाका सबै राजनैतिक दलको प्रतिनिधित्व हुनेछ ।

फेलोहरुलाई भने सांसदहरुसगँ आवद्ध गराउदा कुनै पनि फेलोको राजनैतिक ज्ञान, शैक्षिक पृष्ठभुमी वा विचारधारालाई कुनै पनि मध्य नजर गरीने छैन ।

**फेलोसिप लजिस्टिक**

**फेलोका रुपमा काम गर्दा के मलाई मासीक रुपमा केही रकम मिल्छ ?**

मिल्छ । YPG फेलोले अन्तिम चरणमा छनौट भैसकेपछी प्रदेश सभा सदस्यसँग काम गर्दा संचार खर्चका रुपमा केहि रकम पाउनेछन् ।

**के म सँग काम गर्नका लागी कार्यालय उपलब्ध हुन्छ ? के मलाई आफ्नो कार्य गर्नका लागी उपकरणहरु दिइन्छ ?**

फेलोहरु सांसदसँग मिलेर नै काम गर्ने भएकाले, काम गर्नका लागी छुट्टै ठाँउको व्यवस्थाको कुरा पनि सोही सांसदमा र फेलोको सहजतामा भर पर्दछ त्यसै अनुरुप फेलोले घरबाटै पनि काम गर्न सक्छन् ।

YPG फेलोसिप अर्न्तगत कुनै पनि किसिमको अफिस उपकरणहरुको व्यवस्था गरीने छैन । फेलोहरुले आफ्नै ल्यापटप र इन्टरनेट कनेक्सनको प्रयोग गर्नुपर्नेछ ।

**के मैले फेलोसिपका क्रममा कामका लागी कुनै यात्रा गर्नुपर्नेछ ?**

यस फेलोसिप अन्तर्गतका फेलोहरुको मुख्य कामहरु मध्ये सांसदहरु लाई उनीहरुको संसद भित्रका कामका बारेमा सहयोग गर्नु हो । त्यसैले, यो कार्य गर्दा फेलोले थोरै मात्र यात्रा गर्नुपर्ने वा यात्रा नै गर्नु नपर्ने अवस्था पनि हुनसक्नेछ ।

**मैले आफ्नो कार्य सक्काएपछि कसलाई रिर्पोट गर्ने हो ?**

**सासंदलाई रिर्पोट**

सासंदले काम दिएको समयमा वा नदिएको समयमा फेलोहरुले आफ्ना सांसदहरु लाई रिर्पोट गर्नुपर्नेछ । यसको मतलब, उहाँहरु सँग भएको कुनै काममा सहयोग आवश्यक छ की भनेर जाँच गर्ने, सकिएका कामहरु प्रस्तुत गर्ने, सांसदलाई ब्रिफिंग गर्ने, सांसदले उठाउन खोजेका केही महत्वपूर्ण कुराहरुका बारेमा आवश्यक सामाग्री तयार गर्ने आदि हुनेछन ।

**आयोजकलाई रिर्पोट**

आयोजकले फेलोहरु सँग साप्ताहिक समीक्षा बैठक राख्नेछ । बैठकले फेलोले लिएका कामहरु बाट कति बाँकी छ, उनीहरु कसरी सांसदहरु सँग अर्न्तकृया गरीरहेका छन र कसरी द्धविद्धाहरुको समाधान गरीरहेका छन भन्ने कुरा हेर्नेछ । हरेक फेलोले आफुले गरेको कार्यको पूर्ण रुपमा विवरण बनाएर राख्नुपर्नेछ ।

**के मैले मलाई दिइएको कुनै कामका दौरान आयोजकसँग कुनै प्रश्न वा चुनौति आइपरेमा सहयोग माग्न सक्छु ?**

फेलोहरुले साप्ताहिक बैठक बाहेक, आयोजक संस्थाले तोकेको एक जना सदस्यलाई कुनै पनि समस्याका लागी वा प्रश्नहरुका लागी छलफल गर्न सम्पर्क गर्न सक्नेछन् ।

**म निकै योग्य आवेदक हो । के यस कार्यक्रम अन्तर्गत कुनै आवासको व्यवस्था पनि गरीन्छ ?**

यस कार्यक्रम अन्तर्गत आवासको व्यवस्था गर्ने काम सबै फेलो को जिम्मा मा छाडिएको छ । यसका अलावा, प्रशिक्षणका क्रममा भने फेलोहरुको आवासको सम्पुर्ण ब्यवस्था आयोजकले गर्नेछ ।